# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी सन्दिप के.सी. समेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी सन्दिप के.सी. समेत रहेको गैरकानूनी लाभ तथा हानी पु¥याई भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| २ | **प्र. सन्दिप के.सी, रमेश पराजुली** (वि.अ. को मु.नं. ०७९-CR-००५२), वि.अ. को फैसला मिति २०८०।८।२१) | **गैरकानूनी लाभ लिई भ्रष्टाचार गरेको।** | एस.आर.डी.कन्स्ट्रक्सनका प्रोपाइटरहरू **रमेश पराजुली र सन्दिप के.सी.ले** नवलपरासी जिल्ला सुनवल नगरपालिकाको पानभार खोलाको आ.व.२०७५/०७६ को नदीजन्य पदार्थ उत्खनन् तथा निकासी सन्दर्भमा सुनवल नगरपालिकाबाट प्रमाणित रसिद प्रयोग गरी रकम उठाउनु पर्नेमा प्रमाणित नगरिएको फर्जि बिल प्रयोग गरी जम्मा रू.७५,८०,६४९।–(पचहत्तर लाख असी हजार छ सय उनान्चास) रकम उठाई लिई गैर कानूनी लाभ लिएकोले प्रतिवादीहरु रमेश पराजुली र सन्दिप के.सीलाई भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (४) बमोजिमको कसूरजन्य कार्य गरेकोले निजहरूलाई बिगो रू.७५,८०,६४९।–(पचहत्तर लाख असी हजार छ सय उनन्चास रुपैया) कायम गरी सोहि ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजांय गरी पाउन र उक्त बिगो सोही दफा ८ को उपदफा (४) बमोजिम जफत हुन समेत मागदाबी लिइएको। | **फैसलाः**<br>प्रतिवादीहरु रमेश पराजुली र सन्दिप के.सीले जम्मा रु ५४,८५५।६० गैर कानूनी लाभ लिएको देखिएको हुँदा प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा(४) विपरीतको कसूर गरेको देखिन आएकोले प्रतिवादीहरु सन्दिप के.सी र रमेश पराजुलीबाट सोही दफा ८ को उपदफा(४) बमोजिम जनही बिगो रु २७,४२७।८० समेत असूल गरी निजहरुलाई जनही रु २७,४२७।८० का दरले जरिबाना हुने ठहर्छ भनी मिति २०८०/०८/२१ मा फैसला भएको।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेकोः**<br>**क.** प्रतिवादीलाई ठेक्का दिने निकाय सुनवल नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, कम्प्युटर अपरेटर लेखनाथ उपाध्याय तथा राजस्व प्रमुख लेखा अधिकृत जीवनाथ अर्याल समेतको मौकाको कागज तथा बकपत्र एवं स्वयं अनुसन्धानकर्ताको मिति २०७५/१२/२७ को प्रतिवेदनबाट समेत सि.नं. १ देखी ६००० सम्मको रसिद जारी गरेको भन्ने देखिन आएको। यसरी ठेक्का दाता निकायले नै जारी गरेको रसिदलाई पनि दोहोरो विजक जारी गरेको भन्न मिलेन। सो हदसम्मको अभियोगदावी पुग्न नसक्ने ठहर्छ। तर सि.नं. ६००१ देखी ६४०० सम्मको रसिद नगरपालिकाबाट जारी भएको तथ्य प्रतिवादीले प्रमाणित गर्न नसकेको तर यी रसिदहरु प्रयोगमा आएको देखिएको हुँदा रसिदको हुन आउने बिगो रु. ४५,८३२।८० एवं प्रतिवादी स्वयंले फर्जि गरेको स्वीकारेको ४ थान रसिदको बिगो रु २७१२।– गरी जम्मा रु ४८,५४४।८० बराबरको बिगो तथा सोको मूल्य अभिवृद्धि कर रु ६,३१०।८० समेत जम्मा रु. | **क.** सुनवल नगरपालिकाको च.नं. १९५७ मिति २०७७/१०/२९ गतेको पत्रमा चलानी रसिद प्रमाणित गर्दा प्रत्येक ठेलिको अन्तमा कार्यालयको छाप र प्रमाणित गर्ने अधिकारीको सही रहने व्यहोरा उल्लेख भई आएको। सुनवल नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले नगरपालिकाबाट प्रमाणित रसिदमा कार्यालयको छाप तथा आर्थिक प्रशासन शाखा प्रमुखले प्रमाणित गर्ने गरेको, ग्राहक प्रतिमा छाप तथा अन्तिममा छाप तथा प्रमाणित गर्नेको दस्तखत गर्ने प्रचलन रहेको भनि अनुसन्धानको क्रममा दिएको बयान तथा अदलातमा उपस्थित भई उक्त अनुसन्धानको बयान बेहोरा र सही छाँप मेरो हो भनी बकपत्र गरी प्रमाणीत गरिदिएको। रसिद प्रमाणित गर्ने जिम्मेवार पदाधिकारी तत्कालीन राजस्व प्रमुख जीवनाथ अर्यालले सम्बन्धित व्यवसायीले रसिद छापी निवेदन साथ पेस गर्ने तथा राजस्व शाखाले छाप लगाई रजिष्टरमा चढाई प्रत्येक रसिदको एउटा कपिमा यति देखि यतिसम्म लेखि छोटो सहि समेत गर्ने गरिएको, अनुसन्धानको क्रममा देखाईएका रसिदहरुमा ओ.सी.कपिमा कुनै ठाउँमा प्रमाणित गरिएको नदेखिएको हुदां देखाईएको रसिदहरु नगरपालिकाबाट जारी गरिएको देखिएन भनी अनुसन्धानको बयानमा तथा अदलातमा उपस्थित भई उक्त अनुसन्धानको बयान बेहोरा र सही छाँप मेरो हो तथा सवाल जवाफ ८ मा रजिष्टारमा रसिद नं. जनाई प्रमाणित गरेर दिने गरिन्छ भनी बकपत्र गरेबाट रजिष्टरमा रसिद नं. नचढाई प्रतिवादीहरुले फर्जि रसिद बनाएको तथ्य मिसिल समलग्न सबूद प्रमाणलाई स्वीकार गरी गरेको वयान समेतबाट पुष्टी भएको।<br>**ख.** एस.आर.डी. कन्स्ट्रक्सन प्रा.लि.ले सुनवल नगरपालिकाको आ.व. २०७५।०७६ को पानभार खोलाको नदीजन्य पदार्थ उत्खनन् तथा निकासी करको लागि टेण्डर प्राप्त गरेको।उक्त टेण्डरमा सो कम्पनीले प्रति घन फिट रू.६।- का दरले मूल्य अभिवृद्धि कर बाहेक रकम उठाउन पाउने भन्ने टेण्डरको सूचना एवं नगरपालिकासँगको सम्झौता कबुलियतनामा उल्लेख भएको।उजुरीको छानबिनको सिलसिलामा प्राप्त हुन आएका ५६(छपन्न) ठेली चलानी रसिद मध्ये प्रयोगमा आइसकेका रसिदहरुबाट एस.आर.डी. कन्स्ट्रक्सन प्रा.लि.ले नगद रु **४०,१७,४८९।**-परिमाणमा कारोवार गरेको। सो कन्स्ट्रक्शनले जम्मा ५,९२,५५० घनफिट नदीजन्य पदार्थ बिक्री गरी सो बापत रु. ३५,५५,३००।— राजस्व र सोको नियमानुसार १३% मूल्य अभिवृद्धि कर रु. ४,६२,१८९।- गरी जम्मा रू.४०,१७,४८९।— बराबर गैर कानूनी लाभ लिएको देखिएको।<br>**ग.** राजस्व अनुसन्धान कार्यालय बुटवलको च.नं. १५१४ मिति २०७७/१२/१८ गतेको पत्रबाट आयोगमा खुलाई पठाईएको पत्र एवं सोही कार्यालयको च.नं.२९ मिति २०७८/०४/१३ को पत्र साथ प्राप्त कागजातहरूबाट उक्त प्र.लि.ले सो आ.व.मा दोहोरो बिजक जारी गरी ५९३८६० घन फिट नदिजन्य पदार्थ प्रति घन फिट रू.६।- का दरले रू.३५,६३,१६०।— दस्तुर उठाई कर छली गरेकोमा राजस्व अनुसन्धान कार्यालय बुटवलबाट निम्नानुसार ९,२६,४२२।— मु.अ.कर र जरिवाना गराएको भन्ने प्राप्त कागजातहरूबाट देखिएको। उक्त एस.आर.डी. कन्स्ट्रक्सनले छलि गरेको मूल्य अभिबृद्धि कर र जरिवाना दाखिला गरिएको भएतापनि राजस्व कार्यालयबाट कारवाही भएको ५,९३,८६० को रू ६।—का दरले हुने दस्तुर दाखिला गरेको नदेखिएको हुदां रू,३५,६३,१६०।—समेत सो कम्पनीले गैर कानूनी लाभ लिएको देखिएबाट निज प्रतिवादीहरु रमेश पराजुली तथा सन्दिप के.सीले फर्जि बिल प्रयोग गरी जम्मा रू.७५,८०,६४९।– (४०,१७,४८९ + ३५,६३,१६० = ७५,८०,६४९) रकम उठाई लिई गैर कानूनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ५४,८५५।६० प्रतिवादीहरुले गैरकानूनी लाभ लिएको भन्ने आधार उल्लेख गरी विशेष अदालतले फैसला ठहर गरेको देखिएको। | लाभ लिएको पुष्टी भै रहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी भन्दा फरक बिगो कायम गरी सजाय हुने गरी विशेष अदालतबाट भएको फैसला त्रुटीपुर्ण रहेको हुँदा बदरभागी रहेको। |